पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक बिकास महाशाखा
पोखरा, कास्की, गण्डकी प्रदेश

फोन नं :०६१४५७८९४
इमेल : economicdivision.pokharamun@gmail.com
वेवसाइट: agriculture.pokharamun.gov.np

पत्र संख्या : २०८३।८४
चलानी नम्बर:

मिति : २०८३/८/०३

सार्वजनिक सूचना

स्थानीय भू-उपयोग परिषदमार्फत भू-उपयोग क्षेत्र परिवर्तनका लागि निवेदन दिने अन्तिम अवसर

भू-उपयोग ऐन, २०७६ को दफा ८ को उपदफा (२क) बमोजिम, वर्गीकरण भइसकेका स्थानीय तहमा उचित आधार र कारणसहित निवेदन परेमा र त्यस्तो निवेदन मनासिब देखिएमा स्थानीय भू-उपयोग परिषद्ले एक पटकका लागि भू-उपयोग क्षेत्र परिवर्तन गर्न सक्ने व्यवस्था छ।
तसर्थ, पोखरा महानगरपालिकाभित्रका जग्गाधनीहरूमध्ये हाल कायम भू-उपयोग क्षेत्रप्रति असहमति भएका, वर्गीकरणका कारण व्यावहारिक समस्या परेका, वा जग्गाको भौगोलिक अवस्था, वास्तविक उपयोग र प्रकृतिका आधारमा परिवर्तन आवश्यक भएकोमा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ। यसअघि सूचना नपाएका वा निवेदन दिन छुटेकाहरूका लागि यो अन्तिम अवसर हो। पोखरा महानगरपालिकाले तयार गरेको कित्तागत भू-उपयोग विवरण खोजी प्रणाली https://landuse.pokharamun.gov.np/मार्फत भुमिको बर्गीकरण विवरण हेर्न सक्नुहुन्छ ।

निवेदनमा खुलाउनुपर्ने कुरा
१. जग्गाधनीको नाम, थर, सम्पर्क नम्बर
२. वडा नं., टोल/स्थान, कित्ता नं., क्षेत्रफल
३. हाल कायम भू-उपयोग क्षेत्र र परिवर्तन गर्न चाहेको क्षेत्र
४. परिवर्तन गर्नुपर्ने स्पष्ट आधार, कारण र औचित्य
५. जग्गाको हालको वास्तविक उपयोग तथा भौगोलिक अवस्था

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात
१. नागरिकता प्रमाणपत्र र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि
२. नापी नक्सा (ट्रेस नक्सा)
३. आधार र कारण पुष्टि गर्ने प्रमाण तथा अन्य सम्बन्धित कागजात
४. स्वयं उपस्थित हुन नसक्ने भए प्रचलित कानुनबमोजिमको मञ्जुरीनामा वा अख्तियारनामा

ध्यान दिनुहोस्
१. निवेदन वडा कार्यालयमार्फत सिफारिस सहित महानगरपालिकामा पेश हुनेछ र स्थानीय भू-उपयोग परिषद्ले निर्णय गर्नेछ।
२. निवेदन दिएकै आधारमा भू-उपयोग क्षेत्र परिवर्तन हुने निश्चितता हुँदैन। मनासिब आधार र कारण पुष्टि हुनुपर्छ।
३. तोकिएको समयभित्र निवेदन नदिनेको हकमा यस सूचना बमोजिमको अवसर समाप्त भएको मानिनेछ।

थप जानकारीका लागि पोखरा महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय भूमि शाखा वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहोला।

.....
मनहरी कडरिया

महाशाखा प्रमुख